TRIBHUVAN UNIVERSITY
INSTITUTE OF ENGINEERING
# PULCHOW CAMPUS

PULCHOWK, LALITPUR

मितिः २०७२।०८।०१

# इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पसको स्नातकोत्तर (M. Sc.) तहमा भर्ना सम्बन्धी सूचना

इन्जिनियरिङ्ग अध्ययन संस्थान, प्रवेश परीक्षा बोर्डद्वारा शैक्षिक वर्ष २०७२/७३ का लागि स्नातकोत्तर **(M. Sc.)** तहमा भर्नाका लागि २०७२ कार्तिक महिनामा लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरू मध्ये यस क्याम्पसमा भर्ना हुन चाहने आवेदकहरूको लागि निम्नानुसारको भर्ना कार्यक्रम प्रकाशन गरिएको छ ।

## स्नातकोत्तर (M. Sc.) तहको भर्ना कार्यक्रम

| सि. नं. | कार्यक्रम | | मिति र समय |
|---|---|---|---|
| १. | Online Application Form भर्ने | : | २०७२/८/२ गते बिहान १०:०० बजेदेखि २०७२/८/६ गते अपरान्ह ३:०० बजेसम्म। |
| २. | Teachers/Sponsored/Foreign Quota को लागि निवेदन दिनुपर्ने | : | २०७२/८/२ गते बिहान १०:०० बजेदेखि २०७२/८/६ गते अपरान्ह ३:०० बजेसम्म कार्यालय समय भित्र सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा बुझाउनु पर्नेछ । |
| ३. | आवेदकहरूको नामावली प्रकाशन | : | २०७२/८/७ गते बिहान ८:०० बजे । |
| ४. | प्राथमिकता थपघट / संशोधन | : | २०७२/८/७ गते बिहान १०:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| ५. | Aptitude परीक्षा संचालन | : | २०७२/८/८ गते बिहान ११:०० बजे । |
| ६. | Aptitude परीक्षाको नतिजा | : | २०७२/८/९ गते साँझ ६:०० बजे । |
| ७. | प्रथम सूची प्रकाशन | : | २०७२/८/११ गते साँझ ६:०० बजे । |
| ८. | प्रथम सूची उपर दाबि विरोध | : | २०७२/८/१२ गते बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| ९. | संशोधित प्रथम सूची प्रकाशन | : | २०७२/८/१२ गते साँझ ६:०० बजे । |
| १०. | प्रथम सूचीको भर्ना | : | २०७२ मंसिर १३ र १४ गते बिहान ११:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म ( विस्तृत जानकारी प्रथम भर्ना सूची संगै प्रकाशन गरिनेछ) । |
| ११. | दोस्रो सूची प्रकाशन | : | २०७२/८/१६ गते साँझ ६:०० बजे । |
| १२. | दोस्रो सूची उपर दाबि विरोध | : | २०७२/८/१७ गते बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| १३. | संशोधित दोस्रो सूची प्रकाशन | : | २०७२/८/१७ गते साँझ ६:०० बजे । |
| १४. | दोस्रो सूचीको भर्ना | : | २०७२ मंसिर १८ र १९ गते बिहान ११:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म । |
| १५. | तेस्रो सूची प्रकाशन | : | २०७२/८/२१ गते साँझ ६:०० बजे । |
| १६. | तेस्रो सूची उपर दाबि विरोध | : | २०७२/८/२२ गते बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| १७. | संशोधित तेस्रो सूची प्रकाशन | : | २०७२/८/२२ गते साँझ ६:०० बजे । |
| १८. | तेस्रो सूचीको भर्ना | : | २०७२ मंसिर २३ गते बिहान ११:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म । |
| १९. | यस पछिका भर्ना कार्यक्रमका लागि सूचना | : | २०७२ मंसिर २४ गते बेलुका ७:०० बजे । |

**द्रष्टब्य:** उपरोक्त कार्यक्रमहरूका दिन सार्वजनिक बिदा वा आकस्मिक बिदा परेमा समेत यस भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरू यथावत् सञ्चालन रहने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

यस क्याम्पसमा M. Sc. तहमा भर्ना हुन चाहने आवेदकहरूका लागि भर्ना सम्बन्धी विस्तृत सूचना निम्न अनुसार दिइएको छ । Online Application Form भर्दा Information Brochure on Entrance Examination and Admission Procedure for M.Sc. Programs under IOE 2072 र विस्तृत सूचना ध्यान दिएर पढ्न र सोहि अनुसार तोकिएको मिति र समयभित्र आवश्यक प्रक्रिया पुरा गर्न सूचीत गरिन्छ । कुनै थप जानकारीका लागि वा कुनै द्बिविधा भएमा सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा सम्पर्क राख्न सकिने ब्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ ।

## १. अनलाइन फारम भर्ने ब्यवस्था

यस क्याम्पसमा स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरूमा भर्ना हुनको लागि निम्न अनुसारको मिति र समयभित्र Online Application Form भर्नु पर्नेछ । Online Application Form भर्नु भन्दा पहिलेनै आवश्यक रकम सिद्धार्थ बैंक पाटनढोकामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा जम्मा गरेर मात्र Online आवेदन गर्न सकिनेछ । बैंक भौचरमा आवेदकको नाम तथा प्रवेश परीक्षाको रोल नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । Online Form भरिसकेपछि प्रमाण स्वरुप प्राप्त Confirmation Page प्रिन्ट गरि राख्नु पर्नेछ ।

- Online Application Form उपलब्ध हुने Website: www.pcampus.edu.np
  www.ioe.edu.np
- Online Application Form उपलब्ध हुने समय: २०७२/८/२ गते बिहान १०:०० बजे देखि
  २०७२/८/६ गते अपरान्ह ३:०० बजे सम्म

Online Application Form भर्दा प्रति विषय रु. २००/- का दरले शुल्क लाग्नेछ । कुनैपनि कार्यक्रमको नियमित (Regular) र पूर्णशुल्किय (Full-Fee) लाई छुट्टा छुट्टै विषयका रूपमा गणना गरिनेछ । त्यसैले नियमित (Regular) र पूर्णशुल्किय (Full-Fee) दुवैमा प्राथमिकता क्रम राखी आवेदन दिएको खण्डमा यसलाई दुई विषय मानिनेछ ।

इ. अ. सं. प्रवेश परीक्षा बोर्डद्वारा प्रकाशित Information Brochure on Entrance Examination and Admission Procedure for M.Sc. Programs under IOE 2072 को बुँदा नं २.२.५ मा उल्लेख भए अनुसार Mechanical Department अन्तर्गतका कार्यक्रमहरूमा भर्ना हुन छुट्टै Aptitude Test मा सम्मिलत हुन पर्ने भएकोले यस क्याम्पसको Mechanical Department अन्तर्गत निम्न अनुसारका कार्यक्रमहरूमा भर्ना हुन इच्छुक आवेदकहरू मिति २०७२/८/८ गते विहान ११:०० बजे सञ्चालन हुने Aptitude Test मा अनिवार्य रूपमा सम्मिलत हुनु पर्नेछ । अन्यथा ती कार्यक्रमहरूमा भर्ना हुन योग्य हुने छैनन् । साथै उक्त Aptitude Test का लगि परीक्षा दस्तुर वापत थप शुल्क रू ५००।- लाग्नेछ ।

Mechanical Department अन्तर्गत सञ्चालित स्नातकोत्तर कार्यक्रमहरू

१. Renewable Energy Engineering
२. Energy System Planning and Management
३. Technology and Innovation Management

## २. <u>कार्यक्रम अनुसार भर्ना सिट संख्या</u>

यस क्याम्पसमा स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरुमा भर्ना क्षमता Information Brochure on Entrance Examination and Admission Procedure for M.Sc. Programs under IOE 2072 को बुँदा नं १.३ अनुसार हुनेछ ।

## ३. <u>कार्यक्रम अनुसार भर्नाका लागि आवश्यक न्युनतम योग्यता</u>

स्नातकोत्तर तहका विभिन्न कार्यक्रममा भर्ना हुनका लागि Pre requisite degree र Entrance stream Information Brochure on Entrance Examination and Admission Procedure for M.Sc. Programs under IOE 2072 को बुँदा नं २.१ अनुसार हुनेछ ।

## ४. <u>कार्यक्रम स्थगन हुन सक्ने</u>

कुनै पनि कार्यक्रममा प्रथम भर्ना सूची प्रकाशन हुने समयसम्म पुर्णशुल्किय र प्रायोजित कोटाको ६० प्रतिशत सिट पुरा हुने नदेखिएमा क्याम्पसले सो कार्यक्रमलाई त्यस वर्षको निम्ति स्थगन गर्न सक्ने भएकोले यस्तो अवस्थामा स्थगित भएको कार्यक्रमलाई गणना नगरी भर्ना सूची प्रकाशन गरिनेछ ।

तेस्रो भर्ना सूची पश्चात् पनि पुर्णशुल्किय र प्रायोजित कोटाको ६० प्रतिशत सिट मा भर्ना नभएको खण्डमा समेत उक्त कार्यक्रम स्थगित हुनेछ र आवेदकको भर्ना शुल्क पुरै फिर्ता गरिनेछ ।

## ५. <u>प्राथमिकता क्रममा थपघट वा संशोधन</u>

Online Application Form भर्दा तोकिएको प्राथमिकता क्रममा थपघट वा संशोधन गर्नु परेमा मिति <u>२०७२/८/७ गते विहान १०:०० बजेदेखि अपरान्ह २:०० बजेभित्रमा</u> निम्नानुसारको थप शुल्क सहितको बैंक भौचर संलग्न गरी क्याम्पस भर्ना समितिमा निवेदन दिनु पर्नेछ ।

- प्राथमिकता संशोधन शुल्क रु. २००/-
- विषय थप गर्नु परेमा प्रति विषय रु. २००/-
- प्राथमिकता घटाएमा बुझाइसकेको शुल्क फिर्ता हुने छैन ।

## ६. <u>Quota अन्तर्गत आवेदन सम्वन्धमा</u>

कुनै पनि Quota (IOE Reserved अथवा Sponsored) मा आवेदन दिने आवेदकहरूले **रू २००।-** सिद्धार्थ बैंकमा बुझाइ **कोटाका लागि छुट्टै Online Application Form भर्नु पर्ने छ** । Quota को लागि कुनै एउटा कार्यक्रममा मात्र आवेदन दिन पाइनेछ । कुनै पनि Quota मा नाम प्रकाशित भएमा उक्त आवेदकको नाम अन्य प्राथमिकता क्रमबाट स्वतः हट्नेछ । कोटा अनुसार तपसिल बमोजिमका कागजातहरू मिति २०७२/८/२ गते बिहान १०:०० बजेदेखि २०७२/८/६ गते अपरान्ह ३:०० बजेसम्म सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा बुझाउनु पर्नेछ ।

## ६.१ IOE Reserved Quota अन्तर्गत आवेदन सम्बन्धमा

IOE Reserved Quota मा आवेदन दिने आवेदकहरूले निम्न अनुसारका कागजातहरू तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ ।

- IOE Reserved Quota का लागि Online Application Form भरिसकेपछि प्रमाण स्वरुप प्राप्त Confirmation Page ।
- आवेदन शुल्क रु. २००/- सिद्धार्थ बैंकमा रहेको यस क्याम्पसको खातामा बुझाएको सक्कल बैंक भौचर ।
- सम्बन्धित क्याम्पसमा हालसम्म कार्यरत रहेको प्रमाणित पत्र ।
- IOE Reserved Quota मा भर्नाको लागि इ. अ. सं. डीनको कार्यालयको सिफारिस पत्र ।

यस कोटामा इ. अ. संस्थानमा कार्यरत स्थायी शिक्षकहरूलाई प्राथमिकता दिइनेछ । स्थायी शिक्षक नभएको खण्डमा कम्तीमा पाँच वर्ष सेवा गरिसकेका अस्थायी/करार शिक्षकलाई भर्ना गर्न सकिनेछ । तर IOE Reserved Quota मा छनोट भएका अस्थायी/करार शिक्षकको हकमा सम्बन्धित कार्यक्रममा अध्ययनका लागि लाग्ने सम्पूर्ण शुल्क आवेदक स्वयमले ब्यहोर्नु पर्नेछ ।

## ६.२ Sponsored Quota अन्तर्गत आवेदन सम्बन्धमा

Sponsored Quota अन्तर्गत आवेदन दिने आवेदकहरूले निम्न अनुसारका कागजातहरू तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ ।

- Sponsored Quota का लागि Online Application Form भरिसकेपछि प्रमाण स्वरुप प्राप्त Confirmation Page ।
- आवेदन शुल्क रु. २००/- सिद्धार्थ बैंकमा रहेको यस क्याम्पसको खातामा बुझाएको सक्कल बैंक भौचर ।
- कार्यरत संस्थाले प्रायोजन गर्ने पत्र ।
- प्रायोजन गर्ने संस्थाको दर्ता प्रमाणपत्र (सरकारी कार्यालय बाहेकका लागि)

Sponsored Quota मा भर्ना हुनका लागि तोकिएको शुल्क एकमुष्ठ चेकबाट भुक्तानी गर्नु पर्नेछ । यसरी चेकबाट भुक्तानी गर्दा प्रायोजक संस्थाको खाताबाट भुक्तानी हुनेगरी यस क्याम्पसको नाममा खिचिएको एकाउन्टपेयी चेक Good for Payment बाट हुनु पर्नेछ ।

विदेशी आवेदकहरूलाई Self Sponsored को रूपमा भर्ना गरिनेछ तथा Sponsored Quota मा भर्ना हुन आवेदन दिने आवेदकहरूको भर्नाको लागि नाम प्रकाशन गर्दा निम्न बमोजिम प्राथमिकता दिइनेछ ।

- पहिलो प्राथमिकता : सरकारी कार्यालयहरू
- दोस्रो प्राथमिकता : सरकारको स्वामित्व भएका संस्थानहरू
- तेस्रो प्राथमिकता : INGO/NGO सामुदायिक संघ संस्थाहरू
- चौथो प्राथमिकता : निजि कम्पनी

कुनै आवेदकले Sponsored तथा Regular वा/र Full Fee दुवैतर्फ आवेदन दिएको खण्डमा Sponsored सिटमा प्राथमिकता हुनेछ ।

## ७. Aptitude Test सम्बन्धी व्यवस्था

इ. अ. सं. स्नातकोत्तर भर्ना सम्वन्धि Information Brochure on Entrance Examination and Admission Procedure for M.Sc. Programs under IOE 2072 को बुँदा नं २.२.५ मा उल्लेख भए अनुसार Mechanical Department अन्तर्गत सञ्चालित स्नातकोत्तर कार्यक्रमहरूमा आवेदन दिन चाहने आवेदकहरूले क्याम्पस भर्ना समिति बाट मिति २०७२/८/८ गते बिहान ११:०० बजे सञ्चालन गरिने Aptitude Test मा सम्मिलित हुनु पर्ने छ । Aptitude Test मा संलग्न हुन आउँदा त्यस्ता आवेदकहरूले प्रवेश परीक्षाको प्रवेश पत्र अनिवार्य रूपमा लिइ आउनु पर्ने छ । त्यस्ता आवेदकहरूको हकमा प्रवेश परीक्षा बोर्डद्वारा उल्लेख गरिए अनुसार ती कार्यक्रमहरूमा भर्ना सूची प्रकाशन गर्दा प्रवेश परीक्षाको प्राप्ताङ्क को ७०% तथा Aptitude Test को प्राप्ताङ्कको ३०% Weightage बाट Total Score कायम गरिनेछ ।

यसरी Aptitude परीक्षा दिनुपर्ने आवेदकहरूलाई Aptitude परीक्षा शुल्क बापत रु ५००।- थप लाग्नेछ । कारणवश त्यस्ता आवेदकहरू Aptitude Test परीक्षामा सम्मिलित नभएको खण्डमा निजहरू उल्लेखित कार्यक्रमहरूमा भर्ना हुनका लागि योग्य हुने छैनन् । Aptitude Test को Syllabus तथा Sample Question परिशिष्टमा उल्लेख गरिए बमोजिम हुनेछ ।

## ८. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरू

माथिल्लो प्राथमिकतामा नाम प्रकाशित भई भर्ना भएका आवेदकले तल्लो प्राथमिकताका कार्यक्रममा भर्ना गर्न पाउने छैनन् । तर तल्लो प्राथमिकताका कार्यक्रममा नाम प्रकाशित भई भर्ना भइसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा पछिल्ला सूचीहरूमा माथिल्लो प्राथमिकता तोकेका कार्यक्रमहरूमा नाम प्रकाशित गरिनेछ । पूर्णशुल्किय कार्यक्रम अन्तर्गत भर्नाको लागि पनि यहि नियम लागू हुनेछ । अर्थात् कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरूको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पुर्णशुल्किय कार्यक्रममा प्रकाशित भएमा निज पुर्णशुल्किय कार्यक्रममा अनिवार्य भर्ना हुनु पर्नेछ र अन्यथा निजको भर्ना खारेज हुनेछ । अतः पुर्णशुल्किय तथा नियमित कुनै पनि कार्यक्रममा निःसन्देह भर्ना हुन चाहने आवेदकहरूलाई मात्र उक्त कार्यक्रमका लागि आवेदन दिन सतर्क गराइएको छ । भर्ना भइसकेपछि भर्ना भएकै कार्यक्रममा रही अन्य माथिल्लो प्राथमिकतामा नसर्ने चाहना भएमा आफू माथिल्लो प्राथमिकतामा नसर्ने भनि लिखित निवेदन दिनु पर्नेछ । तसर्थ आफुलाई इच्छा नलागेको कार्यक्रममा प्राथमिकता नभर्न तथा इच्छा लागेका कार्यक्रमहरूमा मात्र आफ्नो रूचीको प्राथमिकताक्रमानुसार आवेदन गर्न सूचित गरिन्छ ।

- IOE Reserved/Sponsored Quota को लागि कुनै एउटा कार्यक्रममा मात्र आवेदन गर्न पाइनेछ ।
- कुनै आवेदकले IOE Reserved/Sponsored तथा Regular र/वा Full-Fee दुवैतर्फ आवेदन दिएको छ भने Quota को लागि प्राथमिकता दिइनेछ ।
- IOE Reserved/Sponsored Quota मा नाम प्रकाशित भएमा उक्त आवेदकको नाम अन्य प्राथमिकता क्रमबाट स्वतः बाहिरिनेछ।


## ९. भर्ना हुन आउँदा ध्यान दिनुपर्ने कुराहरू

- भर्नाका लागि नाम प्रकाशन भएपछि अनिवार्य रुपमा तोकिएको मिति र समय भित्र आवश्यक शुल्क र कागजात पेश गरी भर्ना हुनु पर्नेछ ।
- अघिल्लो कुनै सूचीमा नाम प्रकाशित भएका आवेदकहरुले कारणवश म्यादभित्र भर्ना हुन नसकेमा र निजले पुन: भर्ना हुन चाहेमा भर्ना समिति समक्ष निवेदन दिन सक्नेछन् । यसरी निवेदन दिनेहरूको नाम निवेदन दिएको लगत्तै पछि निस्कन लागेको सूची पछि निस्कने अर्को सूचीमा स्थान रिक्त भएमा मात्र योग्यताक्रमानुसार समावेश गरिनेछ।
- भर्ना सूचीमा नाम प्रकाशित भई भर्ना भइसकेपछि कुनै पनि आवेदकले आफू माथिल्लो प्राथमिकतामा अब उप्रान्त नसर्ने भनी लिखित निवेदन दिएमा मात्र त्यस्ता आवेदक भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।
- भर्ना हुन आउँदा Information Brochure on Entrance Examination and Admission Procedure for M.Sc. Programs under IOE 2072 को बुँदा २.२.६ मा तोकिएअनुसारको भर्ना शुल्क र निम्न कागजातहरू संगै लिई तोकिएको मिति र समयभित्र आउनुपर्नेछ ।
    - ✓ नेपाली नागरिकताको वा पासपोर्टको (विदेशीका लागि) सक्कल र प्रमाणित प्रतिलिपि २ प्रति ।
    - ✓ हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति ।
    - ✓ एस. एल. सी. र उच्च माध्यमिक तह (10+2) वा सो सरहका परीक्षाका लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रहरूका सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति ।
    - ✓ स्नातक तह वा सो सरहको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति।
    - ✓ इ. अ. सं. अन्तर्गत स्नातक तहको अन्तिम सेमेष्टरको नतिजा प्रकाशन भइनसकेका आवेदकहरूको हकमा स्नातक तह चौथो बर्ष प्रथम खण्डसम्म सबै विषयहरूमा उत्तीर्ण भई अन्तिम सेमेष्टरको परीक्षा २०७२ मा सम्मिलित भएको प्रमाण पेश गरेमा निज Provisional (अस्थायी) भर्नाको लागि योग्य हुनेछन् । यसरी भर्ना भएका आवेदक इ. अ. सं. अन्तर्गत स्नातक तह चौथो बर्ष दोस्रो खण्डको नतिजा प्रकाशन पश्चात उत्तीर्ण नभएको खण्डमा निजको भर्ना स्वत: रद्द हुनेछ ।
    - ✓ त्रि. वि. बाहेक अन्य बोर्डबाट स्नातक तह उत्तीर्ण गर्नेहरूले सम्बन्धित बोर्डको माइग्रेसन सर्टिफिकेटको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।

भर्ना समिति २०७२
पुल्चोक क्याम्पस

# परिशिष्ट

## १. बैंक भौचर नमूना:



SiddharthaBank

DEPOSIT SLIP
निक्षेप जम्मा रसिद

BRANCH शाखा
DATE मिति

Account Type: खाताको प्रकार: Current चल्ती | Savings बचत | Call कल | ✓ Others अन्य

A/C No. खाता नं. 00915019203

CASH नगद
CHECK चेक

Account Holder's Name खातावालाको नाम: PULCHOWK CAMPUS

Amount in Figures रकम अंकमा

Check Deposit चेक जम्मा

| Check No. चेक नं. | Drawee Bank-Branch चेक खिचिएको बैंक-शाखा | Amount रकम |
|---|---|---|
| | | |
| | TOTAL जम्मा | |

Cash Deposit नगद जम्मा

| Denomination नगद विवरण | | |
|---|---|---|
| 1000 x | = | |
| 500 x | = | |
| 250 x | = | |
| 100 x | = | |
| 50 x | = | |
| 25 x | = | |
| 20 x | = | |
| 10 x | = | |
| 5 x | = | |
| 2 x | = | |
| 1 x | = | |
| Coins | = | |
| TOTAL जम्मा | | |

Amount in words रकम अक्षरमा

Business Transaction व्यापारिक कारोबार | Salary तलब | Sale of Assets सम्पत्ति बिक्री | Borrowings सापटी | Others (Please Specify) अन्य (खुलाउनुहोस्)

Deposited by जम्मा गर्ने    Name नाम RAM CHANDRA CHAUDHARY    Sign हस्ताक्षर
EXAM ROLL NO. 16026

Bank's copy

## २. **Aptitude Test को Syllabus:**

Syllabus:

| Sn. | Subjects | No. of Short Objective Questions × Mark |
|---|---|---|
| 1 | Fundamentals Knowledge in M.Sc. Engineering in Renewable Energy | 10×1=10 |
| 2 | Fundamentals Knowledge in M.Sc. Engineering in Energy System Planning and Management | 10×1=10 |
| 3 | Fundamentals Knowledge in M.Sc. Engineering in Technology Innovation and Management AND<br>GRE Test | 10×1=10 |
| | Total | 30×1=30 |

Full Marks: 30

Exam duration: 30 minutes

Sample Questions:

1. Which of the following energy is not generated in Nepal?
   (a) Hydropower energy (b) Solar energy (c) Wind energy (d) Tidal energy

2. Which government unit is formed to manage direct foreign investment in Nepal?
   (a) Nepal Tourism Board (b) Investment Board Nepal (c) Nepal Chamber of Commerce (d) National Planning Commission

3. Which parameter is not used during financial analysis of Energy System Project?
   (a) Net Present Value (b) Payback Period (c) Project Duration (d) Internal Rate of Return